# दुई प्रदेशको सीमानामा प्रहरी चौकी स्थापना

रामपुर (पाल्पा), ५ असार (दैपस)- लुम्बिनी प्रदेश र गण्डकी प्रदेशको सीमानामा पर्ने पाल्पाको निस्दी गाउँपालिका-१ भोटाहामा अस्थायी प्रहरी चौकी स्थापना भएको छ। सुरक्षा व्यवस्थालाई मजबुत बनाउन प्रहरी चौकी स्थापना गरिएको हो।

कालीगण्डकी करिडोर प्रयोग गर्ने बढ्दै जाँदा चोरी निकासी तथा अवैध गतिविधि नियन्त्रण गर्न, निस्दी गाउँपालिका-१ र २ का स्थानीयलाई शान्ति सुरक्षा दिलाउन, सवारी दुर्घटना न्युनिकरण, अपराधिक क्रियाकलाप रोक्नका लागि दुई प्रदेशको सीमा नाकामा प्रहरी चौकी स्थापना गरी सेवा दिन थालिएको हो। भाडाको घरबाट सञ्चालित चौकीका लागि निस्दी गाउँपालिकाले आवश्यक सहयोग गरेको गाउँपालिकाका अध्यक्ष मुक्तबहादुर सारुले बताए। गाउँपालिकाले एउटा मोटरसाइकल समेत उपलब्ध गराउने भएको छ।

यहाँ स्थापना भएको प्रहरी चौकीसँगै पाल्पामा हाल १९ स्थायी प्रहरी चौकी र ६ अस्थायी प्रहरी चौकी सञ्चालनमा छन्। प्रहरी प्रधान कार्यालयले गत वैशाखमा स्वीकृत प्रदान गरेसँगै अस्थायी पोष्ट स्थापनाका लागि आवश्यक तयारी गरेर चौकी स्थापना गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक पवनकुमार भट्टराईले बताए। प्रमुख जिल्ला अधिकारी तोयनारायण सुवेदीले लुम्बिनी प्रदेशको पाल्पा र गण्डकीको नवलपुरका सीमा क्षेत्रमा हुन सक्ने अवैध गतिविधि नियन्त्रणका लागि सहज हुने बताए।

# कृषि सामग्री ढुवानी गर्न किसानलाई ठेलागाडा सहयोग



रामपुर (पाल्पा), ५ असार (दैपस)- कृषि सामग्री ओसारपसारका लागि किसानलाई ठेला गाडा वितरण गरिएको छ। रामपुर नगरपालिका- ६ नम्बर वडा कार्यालयले कृषि प्रवर्द्धन तथा किसान सम्मान कार्यक्रमअन्तर्गत वडाभित्रका कृषि तथा पशुपालक किसानलाई ठेला गाडा उपलब्ध गराएको छ।

वडाका ७५ जना किसानलाई शत प्रतिशत अनुदानमा ठेलागाडा वितरण गरिएको वडाध्यक्ष दिवाकर देवकोटाले जानकारी दिए। किसानलाई कृषि उत्पादन, मल बीउ, दाना, पराल ओसारपसारका लागि कृषि औजारको रूपमा ठेलागाडा वितरण गरिएको वडाध्यक्ष देवकोटा बताउन्छन्। वडा कार्यालयले विजयपुर कृषि सहकारी संस्थाको समन्वयमा कार्यक्रम गरी ठेलागाडा वितरण गरेको हो। नगर प्रमुख रमणबहादुर थापाले स-साना अनुदानका कार्यक्रम भन्दा अब बीउबिजन उत्पादन र स्वरोजगारका कार्यक्रमलाई अगाडि बढाइने बताए। यसैबीच, रामपुरका संस्थागत विद्यालयका विद्यार्थीलाई निःशुल्क चश्मा वितरण गरिएको छ। कालीगण्डकी आँखा उपचार तथा सर्जिकल सेन्टरले रामपुर नगरपालिका र सेवा फाउण्डेशनको आर्थिक सहयोगमा संस्थागत विद्यालयका विद्यार्थीलाई चस्मा वितरण गरेको हो।

रामपुर अङ्ग्रेजी आवासीय माध्यमिक विद्यालय र भूपू सैनिक राईजिङ इङलिस बोर्डिङ स्कूलका एक सय १८ जना विद्यार्थीलाई निःशुल्क चस्मा वितरण गरिएको सर्जिकल सेन्टरका व्यवस्थापक सुन्दर रानाले जानकारी दिए। सामुदायिक विद्यालयका लागि विभिन्न सरकारी बजेट आए पनि संस्थागत विद्यालयका लागि नआउने भएकाले विद्यार्थीको स्वास्थ्य सुविधालाई दृष्टिगत गर्दै निःशुल्क आँखा जाँच तथा चस्मा वितरण गरिएको नगर प्रमुख रमणबहादुर थापाले बताए।

# छत्रकोटले ल्यायो "स्थानीय सरकार सारथी" कार्यक्रम

**रमेश विश्वकर्मा**
गुल्मी, ५ असार।



गुल्मीको छत्रकोट गाउँपालिकाले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ। "स्वास्थ्य, शिक्षा, कृषि र पूर्वाधार, सुशासनसहितको समृद्ध हाम्रो आधार" भन्ने नारालाई आत्मसात् गर्दै आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि नीति तथा कार्यक्रम प्रस्तुत गरिएको हो।

गाउँपालिका अध्यक्ष रामप्रसाद पाण्डेयले गाउँ सभाको २० औं अधिवेशनको पहिलो बैठकमा प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा "स्थानीय सरकार सारथी" कार्यक्रममार्फत ५० वर्ष उमेर पुगेका एकल महिला तथा पुरुषहरूलाई जीवन निर्वाह भत्ताको व्यवस्था गरिने उल्लेख गरिएको छ। गाउँपालिकाभित्रका भूमिहीन दलित तथा सुकुम्वासी र अव्यवस्थित रूपमा बसोबास गरेका परिवारलाई जग्गा उपलब्ध गराउने, "विकासको आधार, गुणस्तरीय पूर्वाधार निर्माण" भन्ने नारालाई सार्थक बनाउन स्मार्ट र दिगो पूर्वाधार निर्माणमा जोड दिइने उहाँले बताउनुभयो।

वन जङ्गलमा रहेका औषधीय गुण भएका जडीबुटीहरूको खोज अनुसन्धान गरी प्रयोग तथा प्रवर्धन गर्ने कार्यलाई अगाडि बढाइने र सामुदायिक वनसँगको समन्वयमा यस क्षेत्रको हावापानीमा हुन सक्ने जडीबुटीहरू वन जङ्गल तथा खाली स्थानमा रोप्ने कार्यलाई अगाडि बढाउने बताइएको छ। छत्रकोट गाउँपालिकाभित्र कालोपत्रे भएका सडकहरूको दायाँबायाँ पहिरो रोक्ने खालका र आय-आर्जनसँग जोडिने खालका अम्रिसोलगायतका बोट बिरुवा रोप्ने कार्यलाई अगाडि बढाउँदै हरित सडकको अवधारण कार्यान्वयनमा जोड दिने उल्लेख गरिएको छ।

गाउँपालिकाभित्र आइपर्ने विपद्का घटनाहरूमा उद्धार कार्यमा खटिने स्वयंसेवक व्यक्तिहरूलाई सम्मान तथा पुरस्कृत गरिने, "हामीले तिरेको कर, हाम्रै विकासको भर" भन्ने जनभावना जागृत बनाई सबै नागरिकलाई कर तिर्ने बानीको विकास गर्न कर शिक्षा सञ्चालन गरिने अध्यक्ष पाण्डेले बताउनुभयो। व्यक्तिगत सम्पत्तिबाट व्यवसायिक प्रयोजनका लागि ढुङ्गा तथा अन्य खनिज पदार्थ बेचबिखन गर्दा अनिवार्य रोयल्टी तिर्नुपर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गर्नुका साथै गाउँपालिकाभित्र ढुङ्ग, गिट्टी, बालुवा रोडालगायतका नदीजन्य पदार्थको रोयल्टी तिरेको रसिद साथमा नराखी ढुवानी गरेको पाइएमा जरिवाना गर्ने कार्यलाई पूर्ण कार्यान्वयन गरिने अध्यक्ष पाण्डेले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। जुवा तास खेल्ने तथा लागू पदार्थ र मदिरा सेवन गरी सामाजिक तथा पारिवारिक सद्भावमा खलल पार्ने हल्ला गर्ने व्यक्तिहरूलाई मनोपरामर्श कर्ताद्वारा कुलतले परिवार र समाजका साथै स्वयम् व्यक्ति आफैंलाई पुऱ्याउन सक्ने असरका सम्बन्धमा सचेत गराउने व्यवस्था मिलाई कुलत त्याग्न उत्प्रेरित गरिनेछ। स्थानीय तहबाट सिर्जना हुने लाभ र अवसरहरूमा दलित तथा उत्पीडित समुदायका व्यक्तिहरूलाई प्राथमिकता दिइने उल्लेख छ। गाउँपालिकाका प्रत्येक वडामा कम्तीमा एक स्थानमा जेष्ठ नागरिक दिवा सेवा केन्द्रको स्थापना गरी ज्येष्ठ नागरिकहरूको मिलन हुने, अनुभव आदानप्रदान गर्ने तथा मनोरञ्जनात्मक क्रियाकलापहरू सञ्चालन गर्नका लागि व्यवस्था मिलाइने उहाँले उल्लेख गर्नुभयो। एकल र असहाय जेष्ठ नागरिकका लागि गाउँपालिकाले स्वयंसेवकको परिचालन गरी हेरचाह, संरक्षण र पालन पोषणको व्यवस्था गर्नेछ।

त्यस्तै, गाउँपालिकाभित्र मृत्यु भएको व्यक्तिको शव सद्गतिका लागि विदेश वा देशका अन्य स्थानबाट आफन्तहरू आइपुग्ने समयसम्मका लागि शवलाई सुरक्षित रूपले राख्ने व्यवस्था गर्न श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्रमा शवगृह फ्रिजलगायतका आवश्यक पूर्वाधारको व्यवस्था मिलाउने बताउनुभयो। गाउँपालिकाले श्रृङ्गा जनता माध्यमिक विद्यालयमा प्राविधिक शिक्षा पठनपाठनको लागि आवश्यक पहल गर्ने, विभिन्न तहगत रूपमा उत्कृष्ट तीन शिक्षकहरूलाई सम्मान गर्ने, एसइई परीक्षामा ४ जिपिए प्राप्त गर्ने विद्यार्थीहरूलाई एक लाख ५१ हजार, ३.९९ देखि ३.९० सम्मका लागि ५१ हजार र ३.८९ देखि ३.८० सम्म जिपिए प्राप्त गर्ने विद्यार्थीहरूलाई २५ हजार रुपियाँ पुरस्कार प्रदान गरिने उहाँले उल्लेख गर्नुभयो।

"पुरानो पठनपाठन पद्धतिको साटो डिजिटल शिक्षा अबको बाटो" भन्ने नारालाई आत्मसात् गर्दै माध्यमिक विद्यालयतह ८, ९ र १० कक्षालाई पूर्णतः डिजिटल शिक्षण सिकाइको प्रबन्ध मिलाइने भएको छ। अध्यक्ष पाण्डेयले जग्गा भाडामा लिई कृषि तथा पशुपालन गर्ने कृषि उद्यमीहरूलाई जग्गा भाडा रुकममा अनुदान दिने कार्यक्रमलाई अगाडि बढाइनेलगायतका दर्जनौं नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभयो। गाउँ सभाको २० औं अधिवेशनको दोस्रो बैठक असार १० गते बस्ने भएको छ।

# किबीखेतीले विस्तापित भयो परम्परागत खेती

गुल्मी, ५ असार- गुल्मी सत्यवति गाउँपालिका-८ भार्षेका यमबहादुर थापा यतिबेला व्यावसायिक रूपमा किबीखेती गरेर राम्रो आम्दानी गर्न थालेका छन्। परम्परागत रूपमा कोदो र मकै उत्पादन हुँदै आएको उनको बारी यतिबेला किबीका बोटले ढपक्कै ढाकेको छ। थापाले किबीखेती गरेर वार्षिक छ लाखभन्दा बढी आम्दानी गर्दै आएका छन्।

थापा कृषक मात्र नभएर जनप्रतिनिधि पनि हुन्। सत्यवती-८ का सदस्य थापाले गत ११ वर्षदेखि किबीखेती गर्न सुरु गरेका हुन्। उनले आठ रोपनी जग्गामा किबीखेती गर्दै आएका छन्। उनको बारीमा यलिसन, हेवार्ड, रेड, गोल्डेन, ब्रुनो, मोन्टी र रेड गरी छ जातका किबीका बिरुवा छन्। जलवायु र भौगोलिक संरचनाको हिसाबले भार्षे किबीखेतीका लागि उपयुक्त ठाउँ मानिन्छ। उनले गत वर्ष चार लाखको किबी र दुई लाखको किबीका बिरुवा बिक्री गरेको बताए। तीन वर्षबाटै किबीले उत्पादन दिन थालेपछि थापालाई किबीखेती गर्ने उत्प्रेरणा जागेको हो। एउटै बोटमा ५० देखि एक क्वीन्टलसम्म किबी फल्ने गरेको छ। उनको बारीमा अहिले एक सय ५० किबीका बोट रहेका छन्। सुरुमा थापाले तार, पाइप र खम्बा बनाउनका लागि आठ लाख खर्चेर व्यावसायिक रूपमा किबीखेती गर्न सुरु गरेका हुन्। "त्यही लगानीले अहिलेसम्म काम गरेको छ, यो बहुवर्षीय भएका कारण एक पटक लगाएपछि ५० वर्षसम्म आम्दानी लिन सकिन्छ, त्यसैले यसैमा रमाएको छु", उनले भने। किबीमा अन्य जातका फलफुलमा भन्दा रोग खासै नलाग्ने भएको उनले बताए। "वर्षमा दुई पटक हाँगा काटछाँट गर्नुपर्छ, गोठे मल मात्र प्रयोग गर्दै आएको छु, त्यसैअनुसार उत्पादन पनि राम्रो हुँदै गएको छ", थापाले भने। उनले उत्पादन गरेको किबी बजारमा दुई सयदेखि तीन सयसम्ममा बिक्री हुने गर्दछ। भार्षेको किबी स्थानीय बजारदेखि पाल्पा र बुटवलसम्म पुग्ने गरेको छ। उनले किबीलाई प्रशोधन गरेर वाइन बनाउन सुरु गरेका छन्। किबीलाई बजारको खासै समस्या नभएको थापाले बताए। थापाले पाँच वर्षदेखि किबीको नर्सरीसमेत गर्दै आएका छन्। उनको नर्सरीमा यतिबेला आठ हजार किबीका नयाँ बिरुवा रहेका छन्। एउटा बिरुवालाई एक सय ५० देखि दुई सय पर्दछ। गाउँपालिकाले भार्षेलाई किबीको पकेट क्षेत्र घोषणा गरी कृषकलाई उत्प्रेरित गर्दै आएको छ। किबीखेती विस्तारका लागि पालिकाबाट प्राविधिक सहयोगदेखि आवश्यकताअनुसारको तालिम, टनेल, नर्सरी तथा बिरुवामा अनुदान उपलब्ध गराउँदै आएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत कमलप्रसाद भुसालले बताए।

किबीका अन्य जातमा सबैभन्दा राम्रो गोल्डेन र रेड किबी राम्रो मानिन्छ। यसको मुल्य अन्य जातको किबीको भन्दा एक सय बढी पर्दछ। भार्षेमा पाँच वटा किबी समूहमा ८० कृषक आबद्ध छन्। यस क्षेत्रमा एक कृषकले १० बोटदेखि एक सय ५० बोटसम्म किवी लगाएका छन्। भार्षेमा हाल ४० हेक्टर क्षेत्रफलमा किसानले व्यावसायिक रूपमा किबीखेती गर्दै आइरहेका छन्।


प्रत्येक दिन आयूर्वेद चिकित्सक द्वारा उपचार तथा परामर्श
पायल्स, फिसर, फिस्टुला
क्षारसुत्र विधिद्वारा विशेष उपचार
डा. सन्तोष गौतम
बरिष्ठ आयुर्वेद चिकित्सक
२० वर्ष अनुभवी
डा. प्रिती ज्ञवाली
आयुर्वेद चिकित्सक
महिलाहरुका लागि दक्ष महिला डाक्टरद्वारा परिक्षण
दिशा गर्दा दुख्ने, रगत आउने, मासु पलाएको, घाउ भएको, पिप बग्ने, चिलाउने, कब्जियत एवम् सम्पूर्ण रोगको सफल उपचार तथा परामर्श
यौन तथा प्रजनन
यौन चाहना नहुने, उत्तेजना नहुने, यौन सन्तुष्टिमा कमि, सिघ्र स्खलन हुने, सेतो पानी बग्ने, महिनावारी गडबडी, तल्लो पेट दुख्ने, यौन अंग चिलाउने, यौन अंगमा घाउ आउने आदि समस्याको गोपनियताको साथ सफल उपचार एवम् परामर्श
अन्य
ग्यास्ट्रिक, अल्सर, पथरी, पिनास, पिसाव पोल्ने, हात खुट्टा झमझमाउने, जोर्नी दुख्ने, बाथ, यूरिक यसिड, कब्जियत आदि रोगको सफल उपचार तथा परामर्श
माता मनकामना आरोग्य केन्द्र
राजमार्ग चौराह, बुटवल (चौराह चोक देखि १०० मि. उत्तर मेन रोड)
०७१-५३८८९३, ९८४७३५२१२



ट्वाईलेट सफा गराउनुहोस्
सुपथ मुल्यमा नगरपालिका भित्र वा बाहिर काम गर्ने र गराउन हामीलाई एकपटक सेवा गर्ने मौका दिनुहोस्।
पाल्पाली मगर सेनेटरी
बुटवल-१७, मोतिपुर
मो.: ९८६७१२२३५५, ९८१२९६३२२५, ९८२४४७७७७०


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

थाहा नभएकोको नाति, शेर बहादुर रानाको छोरा, डिल माया राना भन्ने डिल मायाको पति लुम्बिनी प्रदेश पाल्पा जिल्ला माथागढी गाउँपालिका वडा नं. ३ बस्ने **लुद्र बहादुर राना**ले यस शाखामा वचत **खाता नं.** २१०१५२४०३०१३५३ संचालन गर्दै आउनु भएकोमा मिति बि.सं.२०८१/११/११ मा निज लुद्र बहादुर रानाको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाऊँ भनी निज मृतकको पत्नि नाता पर्ने **डिल माया राना** भन्ने **डिल माया**ले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक लुद्र बहादुर रानाको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको पाल्पा शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा मागबमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
पाल्पा शाखा, तानसेन, पाल्पा
फोन नम्बर: ०७५-५२२२१०
Email: palpa@nsbl.com.np

## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

टेक बहादुर बस्नेतको नाति, शेर बहादुर बस्नेतको छोरा, कमलादेवी बस्नेतको पति लुम्बिनी प्रदेश दाङ जिल्ला घोराही उप-महानगरपालिका वडा नं. १६ बस्ने अम्बरराज बस्नेत र नोख बहादुर डाँगीको छोरी शेर बहादुर बस्नेतको छोरा-बुहारी **अम्बरराज बस्नेत**को पत्नि लुम्बिनी प्रदेश दाङ जिल्ला घोराही उप-महानगरपालिका वडा नं. १६ बस्ने कमलादेवी बस्नेतले यस शाखामा वचत **खाता नं.** २१०३५२४०३०००८० र **लकर नं**:३७ संयुक्त रुपमा संचालन गर्दै आउनु भएकोमा मिति बि.सं.२०७४/०९/२१ मा निज अम्बरराज बस्नेतको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम र लकर नं. ३७ मा रहेको सरसामानहरु पाऊँ भनी निज मृतकको पत्नि नाता पर्ने कमलादेवी बस्नेतले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक अम्बरराज बस्नेतको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी तथा लकर नं. ३७ मा रहेको सरसामानहरु दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको पाल्पा शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा मागबमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराईन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.
पाल्पा शाखा, तानसेन, पाल्पा
फोन नम्बर: ०७५-५२२२१०
Email: palpa@nsbl.com.np

**स्थानीय सरकार**
**लुम्बिनी साँस्कृतिक नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**लुम्बिनी, रुपन्देही**
**लुम्बिनी प्रदेश, नेपाल**

फोन नं.०७१-५८०३०५, ०७१-५८०३४९,०७१-५८०३५०

पत्र संख्या :२०८१।०८२ Email: Lumbiniculturalmunicipality@gmail.com
सूचना नं. : Website: lumbinisanskritikmun.gov.np

## सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना।

**(प्रथम पटक प्रकाशित मिति:२०८२/०३/०६)**

लुम्बिनी साँस्कृतिक नगरपालिका अन्तर्गत रहेका आधारभूत स्वास्थ्य केन्द्र र शिक्षण संस्थामा देहाय बमोजिमका पदहरुमा सेवा करार पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिमको योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन (मिति:२०८२/०३/२०) भित्र तोकिएको ढाँचामा कार्यालय समयभित्र आवेदन पेश गर्नुहुन यस कार्यालयको पदपूर्ति समितिको मिति २०८२/०३/०५ गतेको निर्णयानुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र.सं. | विज्ञापन नं. | पद | तह/सेवा समुह | माग पद संख्या | परीक्षा दस्तुर | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|---|
| १ | ०५/०८१/०८२ | अ.न.मि. | सहायक चौथो/कम्यूनिटी नर्सिङ्ग | १ | ५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट ANM उत्तीर्ण गरेको |
| २ | ०६/०८१/०८२ | नगर स्वयंमसेवक शिक्षक | प्राथमिक तह | १ | ५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र उत्तीर्ण (१०+२) वा सो सरह परीक्षा उत्तीर्ण गरेको, स्थायी अध्ययन अनुमति पत्र, |

१. **उमेर**: कम्तीमा १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
२. **दरखास्त पाउने/बुझाउने स्थान** : लुम्बिनी साँस्कृतिक नगरपालिकाको कार्यालय लुम्बिनी, रुपन्देही।
३. **छनौट किसिम**: लिखित र अन्तर्वार्ता।
४. आवेदक स्वयंले प्रमाणित गरी देहायका कागजातहरु दरखास्त साथ संलग्न गरी पेश गर्नु पर्नेछ।
   क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
   ख) न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
   ग) अनुभव तथा तालीमका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
   घ) अनमीको हकमा सम्बन्धित व्यावसायीक परिषदमा दर्ता/अध्यावधिक भएको प्रमाणपत्र
   ङ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि
५. **सेवा सुविधा** : प्रचलित कानुन बमोजिम।
६. **दरखास्तसँग सम्बन्धित अन्य विषय** :
   क. तोकिएको समयावधि भित्र पेश नभएका तथा रीत नपुगेका आवेदकलाई मान्यता दिईने छैन
   ख. दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोली पल्ट कायम हुनेछ।
७. उल्लेखित पदको पाठ्यक्रम र दरखास्त फारम लुम्बिनी साँस्कृतिक नगरपालिकाको वेबसाईट www.lumbinisanskritikmun.gov.np बाट डाउनलोड गर्न सकिन्छ। थप जनाकारीका लागि लुम्बिनी साँस्कृतिक नगरपालिकामा सम्पर्क राख्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**


L.B.F ईट्टा चाहिएमा
तपाईको शहर भैरहवा, बुटवलमा बलियो,
टिकाउ र भरपर्दो L.B.F. मार्का ईट्टा चाहिएमा
तु-सम्पर्क गर्नुहोला।
सम्पर्क:
पड्सरी-५, ठुटिपिपल, रुपन्देही
फोन : ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३
नोट : पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाँचीका लागि ट्रकमा पठाउने व्यवस्था छ।

ट्वाईलेट सफा गराउनुहोस्
सबैभन्दा बढी क्षमता भएको
■ लोडसेडिङ भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा ५ मिनटमै सेफ्टी टंकी, रिङ खाली गरिनेछ।
■ ट्वाईलेट सिट, नाली जाम भएमा तुरुन्त खोलिने छ।
■ यो सुविधा बुटवल, भैरहवा साथै लुम्बिनी अञ्चल भरी दिइनेछ।
क्षेत्र : लुम्बिनी, भैरहवा, परासी, बुटवल, मर्चवार
प्रो. रामशाह साहनी
बिशाल सेनेटरी
बर्मेली टोल-८, भैरहवा, मो.: 9847324755, 9804406297

ट्वाइलेट सफा गराउनुहोस
हाम्रा सेवाहरु: तपाईंको घरको सिट, नाली जाम भएमा चिन्ता लिनु पर्दैन। सेनेटरी जगतमा बढी क्षमता, अत्याधुनिक प्रविधि, पावरफुल रोटर भ्याकुम पम्पद्वारा बिना बिजुली ट्वाइलेटको सेफ्टी वा रिङ्ग सफा गरिन्छ।
प्रो. राजेश प्रसाद
राजेश सेनेटरी सेवा, भैरहवा
मो.: ९८०५४७८७५९, ९८०७५९२८८३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अञ्चलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोला।
-लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सेफ्टी टंकीको रिङ्ग खाली गरिनेछ।
सुपथ मूल्यमा काम गर्न र गराउने हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस्।
सिताराम सफा सेनेटरी
भैरहवा
मो.: ९८६९७८९२७५, ९८००७६०६२२